नेपाल सरकार
अर्थ मन्त्रालय
सार्वजनिक ऋण व्यवस्थापन कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ ।

## वैदेशिक रोजगार बचतपत्र – २०८६ (क) निष्काशन सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१/०८/१२

यस कार्यालयबाट देहाय बमोजिमका विशेषता रहेको वैदेशिक रोजगार बचतपत्र – २०८६ (क) NPFB05012086 निष्काशन गरिने भएकोले वैदेशिक रोजगारीमा संलग्न नेपाली नागरिक तथा गैर-आवासीय नेपालीहरुबाट बचतपत्र खरीदको लागि आवेदन आव्हान गरिएको छ ।

१. विशेषताहरू

| | | |
|---|---|---|
| क) बचतपत्रको नाम | : | वैदेशिक रोजगार बचतपत्र-२०८६ (क) (५ वर्षे) |
| ख) निष्कासन हुने रकम | : | रु. ५०,००,००,०००।० (अक्षरेपी पचास करोड मात्र) |
| ग) वार्षिक ब्याजदर | : | ८.५ प्रतिशत |
| घ) ब्याज भुक्तानी | : | ६/६ महिनामा सम्बन्धित खरिदकर्ताको बैंक खातामा भुक्तानी हुने। (आयकर लाग्ने) |
| ङ) खरीद गर्न पाउने सीमा | : | घटीमा रू. दश हजार र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई रु. दश हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा। |
| च) लगानी (खरीद) कर्ता | : | यो बचतपत्र मुलुक बाहिर रोजगारीमा संलग्न वा मुलुक बाहिरको रोजगारीबाट फर्केको ६ महिना नपुगेका नेपाली नागरिक वा गैर-आवासीय नेपालीले आफु वा आफ्नो परिवारको सदस्य (बुवा, आमा, श्रीमान्, श्रीमती, छोरा, छोरी मात्र) को नाममा खरीद गर्न सक्ने। |
| छ) धितो सम्बन्धी सुविधा | : | यो बचतपत्र धितो राखी बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन/दिन सकिने र कार्यालयले प्रयोगमा ल्याएको **DOMS** र **Investor Portal** बाट दोस्रो बजार कारोबार गर्न सकिने। |

२. बिक्री, निष्कासन र साँवा भुक्तानी

| | | |
|---|---|---|
| क) बिक्री खुला हुने अवधि | : | २०८१ मंसीर १३ गतेदेखि २०८१ पुस १४ गतेसम्म (ढिलोमा) |
| ख) निष्काशन मिति | : | २०८१ पुस १६ गते (ढिलोमा) |
| ग) साँवा भुक्तानी मिति | : | २०८६ पुस १६ गते |

३. अन्य व्यवस्था

| | |
|---|---|
| क) आवेदन फारम भर्ने तथा बुझाउने प्रक्रियाः | मिति २०८१ मंसीर १३ गतेदेखि इच्छुक खरीदकर्ताले यो बचतपत्र खरीद गर्नको लागि यस कार्यालयको वेबसाइट www.pdmo.gov.np अन्तर्गत रहेको Investor Portal वा https://investor.doms.gov.np **बाट** अनलाइन आवेदन प्रक्रिया अनुसार बचतपत्रको आवेदन पेश गर्न सक्ने र पेश गरेको |

आवेदन खरिदकर्ताको बजार निर्माताले रुजु गरी स्वीकृत गर्ने व्यवस्था गरिएको छ।

ख) खण्डित अवधिको ब्याजः

बैंक तथा वित्तीय संस्थाले आवेदकको खाता रूजु गरी आवेदन गरिएको रकम बराबर निष्कासन मितिसम्म रोक्का राख्नु पर्नेछ र निष्कासन मितिमा नेपाल सरकारलाई रकम बुझाउनु पर्ने भएकाले खण्डित अवधिको ब्याज रकम भुक्तानी दिइने छैन।

ग) बचतपत्रको किसिमः

स्टकको रुपमा जारी हुने।

घ) आवेदन रकम भुक्तानी विधि

यो बचतपत्र निष्कासन हुने दिन (२०८१ पुस १६ गते ढिलोमा) १३:०० बजे भित्र बैंक तथा वित्तीय संस्थाले आवेदकको खातामा खर्च लेखी नेपाल सरकारको खातामा रकम जम्मा गर्नुपर्नेछ ।

ङ) आवेदन साथ पेश गर्नुपर्ने कागजातः

१. कार्यरत मुलुकको प्रवेशाज्ञा (प्रवेशाज्ञा आवश्यक पर्ने मुलुकको लागि),
२. खरिद गर्न चाहेको रकम बराबरको विदेशी मुद्रा नेपालमा भित्रिएको प्रमाण र
३. आवेदन बराबरको रकम आफ्नो बैंक खाताबाट खर्च गर्न स्वीकृति दिएको अनुसूची-३ (कार्यालयको Website मा रहेको) को बमोजिमको ढाँचामा अख्तियारी पत्र *https://investor.doms.gov.np* मा अनिवार्य रुपमा **Upload** गर्नुपर्ने।

• (**Upload** गर्ने कागजात ***PDF,JPG वा JPEG*** को **Format** मा हुनुपर्ने र प्रत्येक कागजात ५ **MB** भन्दा कम हुनुपर्ने ।)

च) आवेदन अस्वीकृत हुन सक्नेः

रीतपूर्वक पेश नभएका वा आवश्यक कागजात पेस नगरेका आवेदनकर्ताको आवेदन अस्वीकृत हुन सक्ने।

छ) बाँडफाँट सम्बन्धी व्यवस्थाः

१. सूचनामा तोकिएको अवधिभित्र पहिलो निवेदकले पहिलो पाउने प्रक्रियाबाट बाँडफाँट गरिनेछ।
२. बाँडफाँट तथा निष्कासन ऋणपत्र निष्कासन तथा सञ्चालन समितिको निर्णयबमोजिम गरिनेछ।

ज) प्रमाणपत्र सम्बन्धी व्यवस्थाः

खरिदकर्ताको Investor Portal मा रहेको Dashboard मा Digital रूपमा उपलब्ध हुनेछ।

झ) अन्य व्यवस्थाः

यो बचतपत्र खरीद/बिक्री सम्बन्धी अन्य व्यवस्था सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९, सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० र ऋणपत्र निष्कासन तथा सञ्चालन समितिको निर्णय बमोजिम हुनेछ।

ञ) थप जानकारीः

थप जानकारीका लागि यस कार्यालयको फोन नं. ०१-४५३८३५९ वा यस कार्यालयको इमेल ठेगाना investorsupport@pdmo.gov.np मा सम्पर्क गर्न सकिने।